# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

**आयोगको बैठक सङ्ख्याः ९८ — निर्णय मितिः२०८२/०१/०५**

## निर्णय नः ११३

**विषयः आर्थिक वर्ष २०८२/८३ मा सबै प्रदेश सरकारबाट सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको सिफारिस सम्बन्धमा।**

१. माथि उल्लेखित विषयका सम्बन्धमा आयोगका माननीय कार्यवाहक अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ मा सबै प्रदेश सरकारबाट सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने संलग्न बमोजिमको वित्तीय समानीकरण अनुदान सम्बन्धी (स्थानीय तहगत परिमाण सहितको) सिफारिस स्वीकृत गर्ने।

१.२ निर्णयको बुँदा नं. १.१ बमोजिमको सिफारिस कार्यान्वयनका लागि सम्बन्धित प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय मार्फत सबै प्रदेश सरकारमा लेखी पठाउने।

## निर्णय नं. ११४

**विषयः सम्माननीय राष्ट्रपतिज्यूलाई जानकारी गराउने सम्बन्धमा।**

१.माथि उल्लिखित विषयका सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जुद्धबहादुर गुरुङज्यूको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिमको निर्णय गरियो।

१.१.यस आयोगका माननीय सदस्य श्री अमरराज मिश्र मिति २०८१/१२/०७ देखि विदा स्वीकृति वेगर नै आयोगमा अनुपस्थित रहनुभएको व्यहोरा सम्माननीय राष्ट्रपतिज्यूलाई जानकारी गराउने।